भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

अर्घाखाँची

## सेवा करारमा प्राबिधिक सहायक पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०४/१९**

भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रमा रहेर कार्य गर्नका निम्ति तपसिलका पदमा सेवा करारमा (अस्थायी) कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | १/०७७/७८ | प्राबिधिक सहायक (पाचौं तह) | १ |

१ **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

(ख) **अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तिमा ३ महिने कम्प्यूटर तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

२ **दरखास्त दिने स्थान** : भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची ।

३ **दरखास्त दिने अन्तिम मिति** : २०७७/०५/०१ गते ।

४ **आवेदन दस्तुर** : आवेदन दस्तुर रु. ५००।- (पाँच सय मात्र)

५ **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

६ **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपि

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण-पत्र
- चारित्रिक प्रमाण-पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति हालसालै खिचिएको पासपोर्ट साईजको फोटो

७ **सेवा सुविधा** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा ११,१२ र १३ बमोजिम हुनेछ ।

८ **सम्पादन गर्नुपर्ने कार्यविवरण** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय**
नुवाकोट, अर्घाखाँची